जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक ००२ | २०८२ साल साउन ३० गते शुक्रवार | Friday-15-August-2025 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-

## शुभ आरम्भ राष्ट्रिय दैनिकको ५ औं वार्षिकोत्सव कार्यक्रम सम्पन्न

***शु.आ. सम्बाददाता***
***कलैया , २८ साउन***

शुभ आरम्भ राष्ट्रिय दैनिक पत्रिकाले आफ्नो ५ औ वार्षिकोत्सव कार्यक्रम बिहिबार सम्पन्न गरेको छ। पत्रकार महासंघ बारा शाखाको सभाहलमा शुभकामना आदानप्रदान कार्यक्रम गरी बार्षिकोत्सव कार्यक्रम सम्पन्न गरेको छ ।

बार्षिकोत्सव कार्यक्रमको प्रमुख अतिथि संबिधान सभा सदस्य प्रमोद गुप्ताले प्रमुख अतिथि गुप्ताले पत्रकारितालाई लोकतन्त्रको चौथो अंगको संज्ञा दिँदै, "पत्रकारिता समाजको ऐना रहेको बताएका छन्। निष्पक्ष पत्रकारिताले मात्रै सरकारलाई जवाफदेही बनाउन र नागरिकलाई सचेत गराउन सक्छ। हाल एआई को प्रबिधि रहेकोले जनताको भरोषा प्रिन्ट मेडिया नै रहेको बताउदै समाजिक सञ्जाल के प्रिन्ट मेडिया ओझेलमा परेको बताएका छन् । साथै उहाँले राष्ट्रिय दैनिक पत्रिकाको पाँच वर्षको सफल यात्राको प्रशंसा गर्दै आगामी दिनहरूमा अझ बढी सफलता मिलोस् भन्दै शुभकामना दिएका छन् ।

त्यसैगरी, विशिष्ट अतिथि तथा कलैया उपमहानगरपालिका नगरप्रमुख बिनोद साह पत्रकारिताको स्वतन्त्रता र विकासका लागि आफ्नो सदैव सहयोग रहने प्रतिबद्धता व्यक्त गरेका छन् । सरकारको चौथो अँग रहेका पत्रकार एकजुट भए पहिलो शक्ति हुने बताउदै नगरप्रमुखले सबै पत्रकारहरु एकजुट भई स्वच्छ, निष्पक्ष र ईमान्दारिता पुर्वक पत्रकारिता गर्न आग्रह गरेका छन्। साथै उहाँले पत्रकार महासंघको कार्यालयसम्म पुग्ने बाटोको अवस्था राम्रो नभएकोबारे ध्यानाकर्षण गर्दै यही आर्थिक वर्षभित्र बाटो निर्माण गरिदिने घोषणा गरेका छन्। "पत्रकारिताको विकासमा स्थानीय सरकारको महत्त्वपूर्ण भूमिका रहने बताएका छन् ।




कार्यक्रममा पत्रकार महासंघका केन्द्रीय सदस्य सिकेन्द्र पासवानले सँचारमाध्यमलाई हुने समस्याहरु दर्शाउँदै जनकपुरमा वकिलहरुले पत्रकारहरुमाथि गरेको दमनको विरोध गर्दै दोषीहरुलाई कारवाही गर्न माग गरेका छन् ।

*बाँकी तेश्रो पृष्ठमा*

## फेटा गाउँपालिकामा सवारी मर्मतमा लाखौंको अनियमितताको आशंका, महालेखाले उठायो प्रश्न

***बारा, ११ साउन***

बाराको फेटा गाउँपालिकामा सवारी साधन तथा मेसिनरी मर्मत सम्भारका नाममा लाखौँ रुपैयाँको अनियमितता भएको गम्भीर आशंका व्यक्त गरिएको छ । महालेखा परीक्षकको पछिल्लो प्रतिवेदनले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ (५) को पालना नभएको भन्दै गम्भीर प्रश्न उठाएको छ । प्रतिवेदनले मर्मतका क्रममा फेरिएका पार्टपुर्जाहरूको विवरण र अभिलेख नभएको औँल्याएको छ, जसले अनियमिततालाई थप बल पुर्याएको छ।




महालेखा परीक्षकको प्रतिवेदनअनुसार, फेटा गाउँपालिकाले गत वर्ष सवारी साधन मर्मत शीर्षकमा दश लाख छयानब्बे हजार पाँच सय बहत्तर रुपैयाँ र मेसिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन शीर्षकमा चार लाख उनान्सय हजार दुई सय उनान्सय रुपैयाँ गरी कुल रु. पन्ध्र लाख पन्चानब्बे हजार आठ सय एकहत्तर रुपैयाँ खर्च लेखेको छ। मर्मत आदेश संलग्न गरिए पनि मर्मतपछि फिर्ता गरिएका बिग्रिएका पार्टपुर्जाहरूको श्रृङ्खला (पुराना पार्टपुर्जाहरूको अभिलेख) र मर्मत अभिलेख पनि राखिएको छैन ।

यस क्रममा, महालेखाले कुन-कुन मेसिनरी तथा सवारी साधन मर्मत गरिएको हो भन्ने यकिन गर्ने आधार नदेखिएको भन्दै सम्बन्धित उपयोगकर्ताबाट मर्मत सम्पन्न भएको पुष्टि हुने प्रमाणित कागजात संलग्न गरी खर्च लेख्नुपर्नेमा जोड दिएको छ । प्रतिवेदनले केही भुक्तानीहरूको उदाहरण पनि प्रस्तुत गरेको छ:

२०८० भदौ ५ मा सवारी साधन मर्मतका लागि २३ हजार २ सय पचास रुपैयाँ भुक्तानी भएको देखिन्छ।

२०८१ असार १३ मा आइ पथ कम्प्युटर एण्ड सर्भिसिङलाई मेशिनरि औजार मर्मतका लागि रु. ६४ हजार ३ सय रुपैयाँ भुक्तानी भएको छ।

सोही मितिमा आर के मोटरसाइकललाई सवारी साधन मर्मत खर्चका लागि रु. २९ हजार ५ सय पचास रुपैयाँ भुक्तानी गरिएको छ।

यी उदाहरणहरूले कुल १ एक लाख १७ हजार १ सय रुपैयाँ बराबरको खर्च देखाए पनि मर्मतका क्रममा फेरिएका पार्टपुर्जाहरू पालिका कार्यालयमा नराखिएको र त्यसको कुनै अभिलेख नभएको पाइएको छ।

स्थानीय स्रोतका अनुसार, यो मर्मत अनियमिततामा फेटा गाउँपालिकाका अध्यक्ष रुस्तम अन्सारी, प्रमुख प्रशासकीय अधिकृत पुर्ण तिवारी र लेखापाल भोला सर्राफको मिलेमतोमा

*बाँकी तेश्रो पृष्ठमा*

## जेम्स परियोजनाको पालिका स्तरिय समीक्षा तथा समापन कार्यशाला सम्पन्न

***साजिर मन्सूर***
***कलैया, २८ साउन***

कलैया उपमहानगरपालिकामा किशोरी सशक्तिकरण र दिगोपनामा प्रभावकारिता परियोजना अन्तर्गत पालिका स्तरिय समीक्षा तथा समापन कार्यशाला बिहिबार सम्पन्न भएको छ । कार्यक्रममा कलैया उपमहानगरपालिकाका मेयर बिनोद साह,उप मेयर रौषन प्रविण,निमित प्रमुख प्रशासकिय अधिकृत ईन्जिनियर माधव यादव,शिक्षा शाखा प्रमुख राजिव यादव,कलैया उपमहानगरपालिका वडा नम्बर १ का अध्यक्ष मोहन बहादुर छेत्री,३ का अध्यक्ष मोहन साह कानु,वडा नम्बर १० का अध्यक्ष महमद साबिर मिया ठकुराई,२४ का अध्यक्ष हिरालाल चौधरी,श्री ३ चन्द्र माबीका प्रधानाध्यापक नरेन्द्र गिरि,श्री जनता माबी कलैया भवानिपुरका प्रधानाध्यापक लालबाबु जयस्वाल,श्री नेरा माबी मटिअर्वाका प्रधानाध्यापक रामबाबु कुश्वाहा,श्री नेरा माबी मनहर्वाका प्रधानाध्यापक हरिकिशोर कुवर,स्वास्थ्य शाखा प्रमुख मनोज यादव,महिला तथा बालबालिका शाखा प्रमुख नेहा केशरी,सामुदायिक सिकाई केंद्र का अध्यक्षहरु लगायतकाको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको हो ।



स्थानीय तहका जनप्रतिनिधि, विभिन्न सामाजिक संस्था, महिला समूह, किशोरी प्रतिनिधि तथा सरोकारवालाको सक्रिय सहभागिता रहेको थियो ।

कार्यक्रममा परियोजनाले लक्ष्य समूहमा पुर्याएको प्रत्यक्ष प्रभाव, सिकाइहरू, चुनौतीहरू तथा आगामी दिनमा दिगोपनाका लागि अपनाउनुपर्ने उपायहरूबारे विस्तृत चर्चा गरिएको जेम्स परियोजना बारा पर्सा प्रमुख रामप्रवेश यादवले जनाए । उनले यो परियोजनाको अन्त्य भएको र यसलाई अब पालिकालाई हस्तान्तरण गर्न लागेको र अब बाट कलैया उपमहानगरले यसलाई अपनत्व लिएर सन्चालन गर्नेमा बिश्वस्त भएको बताए ।

*बाँकी तेश्रो पृष्ठमा*

## पर्साका किसानलाई वितरण नगरी घरमा लुकाएर राखिएको १९१ बोरा मल बरामद

***हरिकोशोर शर्मा***
***पर्सा , २८ साउन***

पर्साको सखुवा प्रसौनी गाँउपालिका-२ कटेया गाँउका दुई वटा घरमा प्रहरीले छापा मारेर ठूलो परिमाणमा सरकारी अनुदानको रासायनिक मल बरामद गरेको छ ।

प्रहरीसहितको अनुगमन टोलीले कटेया गाँउका साह महमद अन्सारी र युनुस अन्सारीको घरमा बुधबार मध्यरातमा छापामा मारेर १९१ बोरा मल बरामद गरेको हो ।

कृषि सामग्री कम्पनि लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसनबाट किसानलाई वितरण गर्नका लागि पठाइएको सरकारी अनुदानको मल महङ्गो मूल्यमा बिक्रीका लागि अवैध रुपमा भण्डारण गरेर राखिएको सूचना पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्याललाई बुधबार प्राप्त भएको थियो ।

उक्त सूचनाका आधारमा साल्ट ट्रेडिङ,कृषि सामग्री कम्पनि ,जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयबाट संयुक्त अनुगमन टोली खटिएको थियो ।



उक्त अनुगमन टोलीले बुधबार मध्यरातमा कटेयाका साह महमद अन्सारीको घरमा छापामा मार्ने क्रममा उक्त घरमा अवैध रुपमा भण्डारण गरि राखिएको डिएपी ९ बोरा, पोटास १८ बोरा र फस्फोट ११४ बोरा मल बामद गरेको प्रजिअ अर्यालले जनकारी दिए ।

त्यसलगत्तै कटेयाकै युनुस अन्सारीको घरमा छापा मार्ने क्रममा उनको घरमा पनि लकुाएर राखिएको अवस्थामा डीएपी २७ बोरा र पोटास २३ बोरा मल बरामद गरिएको उनले बताए । दुवै घरबाट बरामद १९१ बोरा मल जिल्ला प्रहरी कार्यालय पर्सामा ल्याएर राखिएको पर्साका प्रहरी उपरीक्षक गौतम मिश्रले जानकारी दिए । मल बरामद गरिएको दुवै घरका घरधनीहरू भने फरार रहेको र उनीहरूको खोजी भइरहेको प्रहरी उपरीक्षक मिश्रले बताए ।

पर्सामा अहिले धानबालीका लागि मलको चरम अभाव हुँदा किसानहरु समस्यामा छन् । नेपाल सरकारले आयात गरेको मलपनि पर्याप्त छैन ।किसानलाई वितरणका लागि आयात गरिएको अनुदानको मल पनि किसानसम्म पुग्न सकेको छैन। मल वितरणमा अनियमितता र कालोबजारी भइरहेको गुनासो आएपछि प्रजिअ अर्यालले दुई दिन अघि मात्रै जिल्लामा मल वितरक कृषि सहकारी संस्थाका सञ्चालक, स्थानीय तहका उपप्रमुख र कृषि शाखा प्रमुखहरुलाई जिल्ला प्रशासन कार्यालयमा बोलाएर मल वितरण प्रक्रियालाई सहज र पारदर्शी बनाउन निर्देशन दिएका थिए ।

त्यससँगै प्रजिअ अर्यालकै निर्देशनमा बुधबारदेखि मल वितरण प्रक्रियाको अनुगमनका लागि अनुगमन टोली खटिएको थियो। त्यसैक्रममा बुधबार राति कटेया गाउँका दुई वटा घरमा छापा मारेर १९१ बोरा मल बरामद गरिएको प्रजिअ अर्यालले बताए ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - विश्रामपुर गाउँपालिका, बारा

**शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी**

प्रकाशक : अनिल पाण्डेय
प्रधान सम्पादक : दिपेन्द्र कुमार उपाध्याय
सम्पादक : श्याम विहारी साह केशरी
कार्यकारी सम्पादक : उमेश दुवे
समाचार सम्पादक : आ.के. ठाकुर
कानुनी सल्लाहकार : प्रभातचन्द्र दाहाल
कम्प्यूटर अपरेटर : कृष्णा गुप्ता
सम्पर्क नम्बर : ९८४५२२६३०५
सम्पर्क कार्यालय : कलैया-१४, बघवन (बारा)
मुद्रक : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा)

shubharambhdaily@gmail.com


## सम्पादकीय...........

# शैक्षिक सुधारको योजना बनाऊ

नेपालमा केही दिनअघि मात्र कक्षा १२ को परीक्षाको नतिजा प्रकाशन भएको छ। यसवर्ष कक्षा १२ को परीक्षामा ६१ दशमलव १७ प्रतिशत विद्यार्थी 'ग्रेडिङ' अर्थात् उत्तीर्ण भएका छन्। माध्यमिक तहको शिक्षा सम्पन्न गर्दै उच्च शिक्षा भर्नाका लागि दुई लाख ४२ हजार जना विद्यार्थी योग्य भएका छन्। उच्च शिक्षाका लागि करिब अढाई लाख विद्यार्थीले योग्यता हासिल गर्दैगर्दा बहुसंख्यक विद्यार्थी भने वैदेशिक शिक्षाका लागि शैक्षिक परामर्श केन्द्रहरुमा धाइरहेका छन् । गत वर्ष वैदेशिक अध्ययन अनुमतिपत्र लिनेको संख्या एक लाख १२ हजार रहेबाट नै प्रस्ट हुन्छ कि हरेक वर्ष वैदेशिक अध्ययनमा जाने विद्यार्थीको संख्या बढ्दो क्रममा छ । वैदेशिक अध्ययनका नाममा अधिकांश विद्यार्थी कक्षा १२ उत्तीर्णपश्चात् नै जाने गरेका छन् । गत वर्षकै तथ्याङ्कअनुसार पनि यसवर्ष उत्तीर्णमध्ये आधा विद्यार्थी बिदेसिने निश्चित छ । विश्व 'ग्लोबल भिलेज'का रुपमा विकास भइसक्दा उच्च शिक्षा हासिल गरी भविष्य निर्माण गर्न चाहनेका लागि त कुनै देशको सीमाले छेक्दैन। तर, अध्ययनका नाममा बिदेसिने कति विद्यार्थीले उच्च शिक्षा हासिल गर्छन् भन्ने विषयले चाहिँ महत्वपूर्ण अर्थ राख्छ ।

विभिन्न सर्वेक्षणहरुका अनुसार कक्षा १२ पछि वैदेशिक अध्ययनका नाममा विदेश जानेमध्ये ७० देखि ८० प्रतिशत विद्यार्थीले बीचैमा पढाइ छाडेर काम गर्ने गरेका छन् । विदेशमा गएका त्यस्ता विद्यार्थी जसले न चाहेजस्तो अध्ययन गरेर उच्च शिक्षा पूरा गर्छन्, न त अन्य श्रम इजाजतमा गएका नेपालीले जसरी नै श्रम गरेर पैसा नै पठाउन सक्छन् । कागजीरुपमा आम्दानीको स्रोत देखाएर, लाखौँ रूपैयाँ खर्चेर विदेश पुगेकाहरु बीचमै पढाइ छाड्नुपर्दाको पीडा र सोचेजस्तो कमाइ नहुँदा अलमलमा परिरहेका छन्। अपेक्षित प्रगति गर्न नसक्दा उनीहरु सहजै घर फर्किन पनि सक्दैनन्, किनभने त्यस समयसम्म आफूसँगै पढेका देशभित्रका साथीहरुले उच्च शिक्षा पूरा गरिसकेर आफ्नो 'क्यारिअर' निर्माणमा जुटिसकेका हुन्छन् । विदेश गए पनि पढाइ र कमाइ नहुँदा देशका लागि चाहिने शिक्षित जनशक्ति घरको न घाटको जस्तो हुने अवस्था बढ्दै गैरहेको छ। जुन विद्यार्थी र तिनका अभिभावकका लागिमात्रै होइन, समग्र देशकै लागि चिन्ता र चुनौतीको विषय बन्न पुगेको छ । कक्षा १२ विद्यालय तहको शिक्षामात्रै हो । विद्यार्थीको प्रगति र भविष्य निर्माणका लागि थप उच्च शिक्षा महत्वपूर्ण र जरूरी हुने गर्दछ । त्यही गुणस्तरीय शिक्षाको खोजीमा भौँतारिने विद्यार्थीहरुको विदेश पलायन बढ्दो क्रममा छ। उच्च शिक्षाका लागि विदेश गएका विद्यार्थीहरुको ठूलो संख्या स्वदेश फर्कने सम्भावना छैन । राज्यले उच्च शिक्षामा ठूलो लगानी गर्ने तर सो लगानी राज्य निर्माणमा प्रत्यक्षरुपमा उपयोग हुन नसक्ने अवस्था राखिरहने हो भने अझै विकराल अवस्था आउने निश्चित छ । संविधानले कक्षा १२ सम्मलाई विद्यालय शिक्षाभित्र राखेर यसको रेखदेखको सम्पूर्ण दायित्व स्थानीय तहलाई दिएको छ। तर, विद्यालय शिक्षा सुधारमा सबै स्थानीय तहले गम्भीर चासो देखाएका छैनन् । कुन नागरिकलाई कस्तो प्रकारको शिक्षा, ज्ञान र सीप प्रदान गर्ने भन्ने कुरामा सर्वप्रथम राज्यले शैक्षिक सुधारको अवधारणा निर्माण गर्न सक्नुपर्छ । असमान र विभेदकारी शिक्षाको अन्त्य गरी गुणस्तरीय र व्यावहारिक शिक्षामा जोड दिनुपर्छ। सरकारले देशभित्रै सर्वसुलभ उच्च शिक्षा अध्ययनको अवसर प्रदान गरी विद्यार्थीहरुलाई स्वदेशमै भविष्य निर्माण गर्ने वातावरण प्रदान गर्नु आवश्यक देखिन्छ ।

# नेपालका मुल संकटहरू - भ्रष्टाचार, बेरोजगारी, अस्थिरता, सेवामा कमजोरी, र शिक्षामा गिरावट - सबैको मूल जड नै नैतिकताको अभाव



**प्रेमचन्द्र झा**

नैतिकता भन्नाले सच्चा कुरा बोल्नु, राम्रो व्यवहार गर्नु, गलत काम नगर्नु, अरूको सम्मान गर्नु, इमानदार हुनु र आफ्नो कर्तव्य पुरा गर्नु नै नैतिकता हो। यो कुनै किताबमा मात्र लेखिएको कुरा होइन, हाम्रो जीवनको हरेक पाटोमा लागू हुने व्यवहार हो । हामी कुन कुरालाई राम्रो र कुन कुरालाई नराम्रो मान्छौं भन्ने कुरा पनि नैतिकताको आधारमा तय हुन्छ । नेपाल जस्तो विविधताले भरिएको देशमा, जहाँ विभिन्न जात, धर्म, भाषा र संस्कृतिका मानिसहरू एउटै समाजमा बस्छन्, त्यहाँ नैतिकता झनै महत्वपूर्ण हुन्छ। जब व्यक्ति, परिवार, समाज, संस्था, र राज्य सबैमा नैतिकता हुन्छ, तब मात्र एउटा सभ्य, समृद्ध र न्याययुक्त देश बन्न सक्छ।

तर अहिलेको समयमा नेपालमा नैतिकताको स्थिति कमजोर हुँदै गएको छ । मानिसहरू पैसा, पद, पहुँच र व्यक्तिगत फाइदाको पछि लागेर नैतिक मूल्य भुल्दै गएका छन् । राजनीति, प्रशासन, शिक्षा, स्वास्थ्य, व्यापार, सञ्चार, कृषि, सेवा सबै क्षेत्रमा अनैतिकता बढ्दो छ । यस्तो अवस्थामा नैतिकता के हो, कसरी हराउँदै गइरहेको छ, र कसरी पुन:स्थापना गर्न सकिन्छ भन्ने बारे गहिरो रूपमा बुझ्नु आजको आवश्यकता हो।

नैतिकता भनेको आत्मभान हो–आफ्नो व्यवहार, निर्णय र सोचमा के सही हो, के गलत हो भन्ने छुट्याउने चेतना। नैतिकता कुनै कानून होइन, तर यसले कानुनभन्दा गहिरो असर पार्छ । जसको मनभित्र नैतिकता हुन्छ, उसले कसैले नहेर्दा पनि राम्रो काम गर्छ, झूट बोल्दैन, चोरी गर्दैन, अरूलाई दुख नदिई आफ्नो काम गर्छ। नैतिकता जीवनका धेरै पक्षसँग जोडिएको हुन्छ–जस्तै सत्यता, ईमानदारी, सहिष्णुता, कर्तव्यबोध, करुणा, अनुशासन, जिम्मेवारी, आत्मसंयम, सेवा भावना, र पारदर्शिता। जब यी गुणहरू व्यक्ति र संस्थामा हुन्छन्, तब नै समाज न्यायपूर्ण र सुरक्षित हुन्छ।

नेपालमा सबैभन्दा बढी नैतिकताको प्रश्न राजनीति क्षेत्रमा उठाइन्छ । नेताहरूले चुनावमा जनतालाई अनेक वाचा गर्छन्–तर सरकार बनेपछि ती वाचा बिर्सिन्छन् । पदको दुरुपयोग, भ्रष्टाचार, आपसी लडाइँ, भागबन्डा र पहुँचको राजनीति आज नेपाली राजनीतिमा सामान्य बनिसकेको छ। कतिपय नेताहरू जनताको सेवा गर्नुको सट्टा सत्तामा टिकिरहन, आफन्त र कार्यकर्तालाई लाभ दिन, र आफू धनी बन्न राजनीति गर्छन्। दलहरूले घोषणा पत्रमा जे लेख्छन्, व्यवहारमा त्यो देखिँदैन । संसद जस्तो उच्च निकायमा पनि विचारभन्दा शक्ति प्रदर्शन बढी देखिन्छ।

राजनीतिमा नैतिकता भन्नाले सत्ताको लोभ नलिने, जनतासँग गरेको वाचा पुरा गर्ने, सार्वजनिक सम्पत्तिलाई आफ्नो सम्पत्ति नठान्ने, पारदर्शी निर्णय गर्ने, भ्रष्टाचार नगर्ने, र राष्ट्रहितलाई प्राथमिकता दिने–यिनै हुन् राजनीतिक नैतिकताको मूल तत्व। जब नेताहरू नैतिक हुन्छन्, तब मात्र जनताले पनि राजनीतिलाई सम्मान गर्न थाल्छन्।

सरकारी कर्मचारीहरूलाई प्राय: "जनताको सेवक" भनिन्छ । तर आजको यथार्थ त्यो भन्दा धेरै टाढा छ। सरकारी कार्यालयमा काम गराउन जानु भनेको घण्टौँ कुर्नु, फाइल खोज्नु, सिफारिस ल्याउनु, र कहिलेकाहीं घूस खुवाउनु भन्ने बुझिन्छ । धेरैजसो कर्मचारीहरू काममा ढिलो पुग्छन्, समयमै फाइल नहेर्छन्, सेवाग्राहीलाई हेलचेक्र्याइँ गर्छन्। कतिपयले त ठूला नेतासँगको सम्बन्ध देखाएर गैरकानुनी काम गरिदिन्छन् । सरकारी योजना, अनुदान, ठेक्कापट्टा, भर्ना, सरुवा आदि सबैमा पारदर्शिता नभएको गुनासो सर्वत्र सुनिन्छ । राष्ट्रसेवक कर्मचारीहरूमा कार्यक्षमता, समयपालन, निष्पक्षता, उत्तरदायित्व, सेवा भावना, इमानदारी, र कर्तव्यप्रति निष्ठा हुन जरुरी छ । जब कर्मचारीहरू आफ्नो कामलाई धर्म सम्झेर गर्छन्, तब जनताले पनि सरकारी सेवा प्रति भरोसा राख्न थाल्छन्। महिला समाजको आधा हिस्सा हुन्। उनीहरू घर, समाज र राष्ट्रको विकासमा समान रूपमा महत्वपूर्ण छन्। तर लामो समयसम्म महिलालाई दोस्रो दर्जाको नागरिकजस्तो व्यवहार गरिएको इतिहास छ । पछिल्ला वर्षहरूमा शिक्षा, रोजगार, राजनीति, र कानुनी अधिकारमा प्रगति भए पनि व्यवहारिक रूपमा महिला अझै पनि धेरै समस्यामा छन् । केही महिला सशक्त भए पनि अवसरको दुरुपयोग, पहुँच र राजनैतिक संलग्नताका कारण अनैतिक गतिविधिमा पनि संलग्न भएको पाइन्छ । कतिपय महिलाले योजनाको नाममा लाभ लिने तर काम नगर्ने, संगठित रूपमा दबाब दिने, पदको दुरुपयोग गर्ने गरेका उदाहरण पनि छन् । महिलामा आत्मसम्मान, पारिवारिक जिम्मेवारी, सामाजिक न्यायमा विश्वास, ईमानदारी, र सहिष्णुता हुन जरुरी छ । महिला सशक्तीकरण केवल कानुनी अधिकारले मात्र होइन, नैतिक जिम्मेवारीले पनि पूर्ण हुन्छ।

विद्यार्थीहरू राष्ट्रको भविष्य हुन् भन्ने भनाइ सबैले सुनिसकेका छन् । तर आजका विद्यार्थीहरू राजनीतिक दलका समर्थक भएर आफू पढ्न भन्दा बढी अरूलाई दबाब दिने काममा लागेका छन् । शिक्षण संस्था भित्र हड्ताल, तोडफोड, गुरु-शिष्य सम्बन्धमा गिरावट, नकल, अनुशासनहीनता आदिले नैतिक मूल्य खस्किरहेको देखिन्छ । शिक्षा भनेको केवल किताबको ज्ञान होइन, जीवनको आचरण हो। विद्यार्थीमा समयको मूल्य बुझ्ने, इमानदारीपूर्वक अध्ययन गर्ने, शिक्षक र अभिभावकको सम्मान गर्ने, विचार र व्यवहारमा सन्तुलन राख्ने क्षमता विकास हुनु आवश्यक छ।

नेपालको ठूलो जनसंख्या कृषि पेशामा निर्भर छ। किसानहरू देशका मेरुदण्ड हुन् भन्ने कुरा सबैले भन्छन्, तर उनीहरूको अवस्था भने दिनदिनै कमजोर हुँदै गइरहेको छ। सरकारले घोषणा गर्ने अनुदान, सहुलियत ऋण, बीउबिजन र मलखाद समयमै किसानसम्म पुग्दैन । कतिपय अवस्थामा किसानहरू आफू उत्पादन गर्नुभन्दा पनि विदेशबाट आएको वस्तु उपभोग गर्न बाध्य छन्। केही किसानले अनुदानको दुरुपयोग गर्ने, झूटा कागजात बनाउने, सहकारीमा अनियमितता गर्ने जस्ता व्यवहार पनि देखिन्छ। यस्तो प्रवृत्तिले सबै किसानको नाम बदनाम हुन्छ । अर्कातर्फ, सरकारको कमजोरी र बजार व्यवस्थापनको अभावले गर्दा पनि किसानहरू हतोत्साहित भएका छन्। किसानमा इमानदारी, सहयोगी भावना, पारदर्शिता र मिसावटविहीन उत्पादन गर्नु अत्यावश्यक हुन्छ।

व्यापारीहरू समाजका आर्थिक इञ्जिन हुन्। उनीहरूकै माध्यमबाट सामान, सेवा र उत्पादन जनतासम्म पुग्छ। तर आज नेपालमा व्यापारिक नैतिकता कमजोर हुँदै गएको छ। नाफा कमाउने लोभमा नापतौलमा बेइमानी, म्याद सकिएको सामान बेच्ने, गुणस्तरहीन उत्पादन, मिसावट, कृत्रिम अभाव सिर्जना गर्ने, मूल्य बढाउने, कर नतिर्ने, सरकारी अनुगमन छल्ने जस्ता कार्यहरू देखिन्छन् । व्यापार केवल मुनाफाका लागि होइन, समाजप्रतिको उत्तरदायित्वसहितको पेशा हो। ग्राहक ठगेर कमाएको पैसा दीर्घकालीन हुँदैन । व्यापारीमा सत्य र पारदर्शी कारोबार, गुणस्तरको सम्मान, करको पालन, ग्राहकको सम्मानजस्ता गुण आवश्यक छन्।

नेपालमा विभिन्न पेशा गर्ने व्यक्तिहरू–जसमा डाक्टर, इन्जिनियर, पत्रकार, शिक्षकजस्ता सम्मानित व्यक्तिहरू छन्–तिनीहरूलाई समाजले ठूलो आदर गर्छ। तर हालका दिनमा यिनै पेशामा पनि नैतिकताको गिरावट देखिँदै गएको छ । डाक्टरहरूमा करुणा, संवेदनशीलता, समयको कदर, र बिरामीप्रतिको सहानुभूति अत्यावश्यक छ । इन्जिनियरहरूमा गुणस्तरीयता, पारदर्शिता, प्राविधिक इमानदारी, र राष्ट्रप्रतिको जिम्मेवारी जरुरी छ । पत्रकारहरूमा सत्य, निष्पक्षता, स्रोतको गोपनीयता, र जनताको हितमा काम गर्ने भावना हुनुपर्छ । शिक्षकहरूमा आत्मबल, ज्ञानको निष्ठा, विद्यार्थीप्रतिको माया, र साँचो गुरु बन्ने भावना अनिवार्य छ।

आजको युग सञ्चारको युग हो । मिडिया र सामाजिक संजालको हो।आजको युग सञ्चारको युग हो । मिडिया र सामाजिक संजालको प्रभाव अहिलेको समाजमा अत्यन्त बलियो छ। सूचना, समाचार, विचार, बहस र चेतना जनतासम्म पुऱ्याउने काम यिनै माध्यमबाट हुन्छ । तर सूचना भन्दा अफवाह, सत्य भन्दा सनसनी, शिक्षाप्रद कुरा भन्दा विवादास्पद सामग्रीहरू बढी प्रस्तुत हुने क्रम बढेको छ। कुनै पनि विषयको पुष्टि नगरी समाचार बनाउने, वा सामाजिक संजालमा अफवाह फैलाउने काम बढ्दो छ । कतिपय मिडिया संस्थाहरू राजनीतिक स्वार्थमा काम गरिरहेका छन् भने कतिपय सामाजिक सञ्जाल प्रयोगकर्ताहरू अरूको चरित्र हत्या गर्न, जातीय घृणा फैलाउन वा झूठो समाचार फैलाउन सक्रिय देखिन्छन्। संचार माध्यम र सामाजिक सञ्जालमा सत्य, विवेक, शिष्टता, र सहनशीलता हुनु अत्यावश्यक छ । जसरी कागजको समाचार विश्वासिलो हुनुपर्छ, त्यसैगरी डिजिटल पोस्ट पनि साँचो, प्रमाणमा आधारित र समाज हितमा हुनुपर्छ । अरूको गोपनीयता, आत्मसम्मान, र सामाजिक सद्भावलाई असर पुऱ्याउने कुनै पनि सूचना अनैतिक हुन्छ । त्यसैले मिडिया र सामाजिक संजाल प्रयोगकर्ताले आफू जिम्मेवार नागरिक भएको प्रमाण दिनुपर्छ।

हाम्रो समाजको आधार भनेको नागरिक नै हो । हरेक नागरिकले आफू जहाँ छ, जस्तो छ, त्यहींबाट नैतिक व्यवहार गर्न सुरु गरे भने समाज बदलिन धेरै समय लाग्दैन । सार्वजनिक ठाउँमा फोहोर नगर्नु, लाइनमा पालो पालना गर्नु, कर तिर्नु, झूट नबोल्नु, सवारी नियम पालना गर्नु, सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु, छिमेकीसँग सहिष्णु व्यवहार गर्नु–यी सबै साधारण लाग्ने कामहरू नै हाम्रो नैतिकता हो। कहिलेकाहीं हामी कानुन नलाग्ने ठाउँमा जानीजानी अनैतिक काम गर्छौं, जस्तो–पानी चोरेर सिंचाइ गर्नु, लोडसेडिङमा अनधिकृत लाइन जोड्नु, वा चाडपर्वमा मादक पदार्थ सेवन गरेर होहल्ला गर्नु । यस्ता व्यवहारले समाजको अनुशासन मात्र होइन, हाम्रो व्यक्तित्व पनि कमजोर पार्छ। नैतिक नागरिक बन्ने काम स्कूल, धर्म, समाज वा सरकारको मात्र जिम्मा होइन–व्यक्ति स्वयंको हो। सानैदेखि यो चेतना विकास गरे मात्रै दीर्घकालीन प्रभाव पर्छ।

नैतिकता समाजमा पुन:स्थापना गर्नका लागि धेरै उपायहरू अपनाउन सकिन्छ। पहिलो, हाम्रो शिक्षा प्रणालीमा नैतिक शिक्षा अनिवार्य हुनुपर्छ, बाल्यकालदेखि नै मूल्य-आधारित शिक्षा दिनुपर्छ । विद्यार्थीलाई केवल परीक्षा पास गर्ने होइन, राम्रो मानिस बन्ने शिक्षामा जोड दिनुपर्छ। दोस्रो, शिक्षक, अभिभावक र समाजले केवल उपदेश होइन, व्यवहारबाट उदाहरण देखाउनुपर्छ । तेस्रो, धार्मिक र सांस्कृतिक संस्थाहरूले मानवता र सदाचारको प्रचार गर्नुपर्छ, अन्धविश्वास होइन। चौथो, सामाजिक सञ्जालमा प्रयोगकर्तालाई सचेत बनाउने अभियानहरू चलाउनुपर्छ, जसले साइबर मर्यादा सिकाउँछ । पाँचौं, भ्रष्टाचार, अनियमितता, र पदको दुरुपयोग गर्नेलाई जुनसुकै तहको व्यक्ति भए पनि कानुनी रूपमा कडा कारबाही गरिनुपर्छ । छठौँ, सामुदायिक तहमा नैतिक बहस, गोष्ठी, नाटक, चित्रकला, कविता, लेखनजस्ता सृजनात्मक कार्यक्रमबाट चेतना फैलाउनु पर्छ । अन्तिममा, नैतिक व्यक्ति, संस्था वा नेतृत्वलाई सार्वजनिक रूपमा सम्मान गर्ने संस्कार बसाल्नुपर्छ, जसले समाजमा राम्रोको प्रेरणा दिन्छ।

नैतिकता भन्नु केवल आदर्श होइन, व्यवहार हो। यो हाम्रै बोली, चालचलन, सोच, कर्म, सम्बन्ध र जिम्मेवारीमा झल्किन्छ । जब मानिसहरूमा नैतिकता बलियो हुन्छ, तब समाज स्वत: सुरक्षित, न्यायपूर्ण र शान्त हुन्छ। तर जब नैतिकता कमजोर हुन्छ, तब कानुनले मात्र सबै कुरा रोक्न सक्दैन।

नेपालमा आज जुन संकटहरू छन्–भ्रष्टाचार, बेरोजगारी, राजनीतिक अस्थिरता, सेवा प्रवाहमा कमजोरी, शिक्षा र स्वास्थ्यमा गिरावट, सामाजिक असहिष्णुता–यी सबैको मूल कारण नै नैतिकताको कमी हो । जब व्यक्ति, संस्था, र राज्य नैतिक बन्छ, तब कानुन, नीति, योजना र विकास स्वाभाविक रूपमा सफल हुन्छन्।

त्यसैले अब समय आएको छ कि हामी सबै–राजनीतिज्ञ, कर्मचारी, महिला, विद्यार्थी, किसान, व्यापारी, पेशाकर्मी, मिडिया, र सामान्य नागरिक–आ-आफ्नो ठाउँबाट नैतिकता अभ्यासमा लागौं। त्यसैबाट मात्रै साँचो परिवर्तन सम्भव हुन्छ । व्यक्तिको आत्मा शुद्ध भए समाज स्वत: सबल हुन्छ। अनि मात्र राष्ट्र बन्न सक्छ–न्याययुक्त, समावेशी, स्वाभिमानी र समृद्ध।

( झा ,प्रेस चौतारी नेपालका केन्द्रीय सदस्य तथा नेपाल पत्रकार महासंघ रौतहट शाखाका पुर्व अध्यक्ष हुन ।

**ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।**

॥।समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौ । - प्रसौनी गाउँपालिका, बारा

## अन्तराष्ट्रिय समाचार

# जापान र चीनले किन फरक मितिमा दोस्रो विश्वयुद्धको वार्षिकोत्सव मनाउँछन्

***काठमाडौं-*** दोस्रो विश्वयुद्ध समाप्त भएको ८० वर्षपछि, जापान र चीनले वार्षिकोत्सवलाई प्रमुख कार्यक्रमहरूसहित मनाइरहेका छन्, तर फरक मितिमा र फरक तरिकाले । जापानले अगस्ट १५ मा एक गम्भीर समारोहमा पीडितहरूलाई सम्झना गर्छ । उक्त दिन तत्कालीन सम्राट हिरोहितोले सरकारले आत्मसमर्पण गरेको रेडियो सन्देशमा घोषणा गरेका थिए ।

अर्कोतर्फ चीनले सेप्टेम्बर ३ मा टोकियो खाडीमा अमेरिकी युद्धपोतमा औपचारिक आत्मसमर्पण गरेको भोलिपल्ट परेडका साथ आफ्नो सैन्य शक्ति प्रदर्शन गर्दछ ।

जापानले दोस्रो विश्वयुद्ध अघि र त्यस समयमा विनाशकारी र क्रूर आक्रमणमा चीनको धेरै भाग कब्जा गरेको थियो, जसमा केही अनुमान अनुसार दुई करोड मानिस मारिएका थिए । युद्धकालको अनुभवले आज पनि दुई देशबीचको सम्बन्धलाई समस्यामा राखेको छ ।

चिनियाँ सहर बेन्क्सीको एउटा सङ्ग्रहालयले जापान विरोधी प्रतिरोध लडाकूहरूको सङ्घर्षलाई उजागर गर्छ । तिनीहरूले उत्तरपूर्वी भू-भाग ( तत्कालीन मन्चुरिया भनिने) मा कठोर जाडोमा काठको झुप्रोमा लुकेर बसे र त्यसपछि रूसमा गएर शरण लिएका थिए ।

सोभियत सङ्घले जापानविरुद्ध युद्धको घोषणा गरेपछि र सन् १९४५ अगस्ट ९ मा मन्चुरियामा आक्रमण सुरु गरेपछि मात्र तिनीहरू फर्किए । त्यही दिन अमेरिकाले नागासाकीमा आणविक बम खसाल्यो- जसले जापानलाई आत्मसमर्पण गर्न थप दबाब दियो ।

आजकल, चीनको सेना नै चिन्ताको कारण बनेको छ किनभने यसले प्रशान्त महासागरमा सरकारका क्षेत्रीय दाबीहरूलाई लागू गर्न खोजिरहेको छ । जब जापानले खतराको सामना गर्न आफ्नो रक्षा निर्माण गर्ने कुरा गर्छ, यसको सैन्यवादी विगतले चीनलाई सुविधाजनक जवाफ दिन्छ ।

"हामी जापानलाई आफ्नो ऐतिहासिक अपराधमा गहिरो चिन्तन गर्न, इतिहासबाट इमानदारीपूर्वक पाठ सिक्न र क्षेत्रीय तनाव र चीन सम्बन्धी मुद्दाहरूको हल्ला मच्चाएर आफ्नो सैन्य विस्तारको वास्तविक उद्देश्य लुकाउन बन्द गर्न आग्रह गर्दछौं", चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता गुओ जियाकुनले गत महिना भने ।

हिरोहितोको सन् १९४५ अगस्ट १५ मा पूर्व रेकर्ड गरिएको आत्मसमर्पण प्रसारण धेरै जापानीका लागि बुझ्न नसक्ने थियो । उनले रहस्यमय भाषा प्रयोग गरे र ध्वनिको गुणस्तर खराब थियो ।

इतिहासकारहरूका अनुसार सन्देश सम्राट आफैँबाट आएको थियो भन्ने महत्त्वपूर्ण कुरा थियो । हिरोहितोलाई जीवित देवता मानिन्थ्यो र युद्ध उनकै नाममा लडिएको थियो । धेरै जापानीले पहिले कहिल्यै उनको आवाज सुनेका थिएनन् ।

"यो भाषणले गलत युद्धको अन्त्य गर्न के आवश्यक थियो भन्ने कुराको सम्झना गराउँछ", निहोन विश्वविद्यालयका प्राध्यापक ताकाहिसा फुरुकावाले सन् २०१५ मा एपीलाई भने ।

वर्तमान सम्राट, हिरोहितोका नाति नारुहितो र प्रधानमन्त्रीले अगस्ट १५ मा टोकियोमा हुने वार्षिक समारोहमा सार्वजनिक प्रसारण एनएचकेद्वारा प्रत्यक्ष प्रसारण गरी टिप्पणी गर्ने तयारी गरेका छन् ।

गत वर्षको कार्यक्रममा, नारुहितोले युद्धको समयमा जापानको कार्यहरूप्रति गहिरो खेद व्यक्त गरे । तर सोही दिन, जापानी मन्त्रिपरिषद्का तीनजना मन्त्रीले टोकियोको यासुकुनी मन्दिरको भ्रमण गरे । जसको चीन र दक्षिण कोरियाले आलोचना गरे । चीन र दक्षिण कोरियाले यस मन्दिरलाई सैन्यवादको प्रतीकका रूपमा हेर्छन् । जापानले सन् १९४५ सेप्टेम्बर २ मा अमेरिकी युद्धपोत युएसएस मिसौरीमा भएको समारोहमा आत्मसमर्पण गऱ्यो ।

विदेशमन्त्रीले शीर्ष टोपी र पुच्छर लगाएर र सेनाका प्रमुखले हिरोहितोको तर्फबाट हस्ताक्षर गरे । अर्कोतर्फका हस्ताक्षरकर्ताहरू अमेरिकी जनरल डगलस म्याकआर्थर र जापानसँग लडेका चीन र अन्य राष्ट्रहरूका प्रतिनिधिहरू थिए ।

चीनले अर्को दिन, सेप्टेम्बर ३ लाई विजय दिवसका रूपमा तोक्यो ।

एघार वर्षअघि कम्युनिष्ट पार्टीले चीनले वार्षिकोत्सव कसरी मनाउँछ भन्ने कुरालाई अगाडि बढाएको थियो । राष्ट्रपति सी जिनपिङ सहित चीनका सबै शीर्ष नेताहरूले सेप्टेम्बर ३ मा स्मारक कार्यक्रममा भाग लिए ।

युद्धकालीन इतिहासको परस्पर विरोधी व्याख्या र पूर्वी चीन सागरमा अझै पनि जारी क्षेत्रीय विवादलाई लिएर जापानसँग बढ्दो तनावको समयमा यो नयाँ ध्यान केन्द्रित गरिएको थियो । अर्को वर्ष चीनले युद्ध समाप्तिको ७०औँ वार्षिकोत्सवमा सैन्य परेड आयोजना गऱ्यो ।

एक दशकपछि, मिसाइल, ट्याङ्क र माथि लडाकू विमानहरूसहित अर्को भव्य परेडको तयारी भइरहेको छ । रूसी राष्ट्रपति भ्लादिमिर पुटिन उपस्थित हुने अपेक्षा गरिएकाहरूमध्ये एक हुन् ।




मो.सा चलाउँदा हेल्मेटको अनिवार्य प्रयोग गरौं ।

## फेटा........

लाखौँ रुपैयाँ अनियमितता भएको बताइएको छ । महालेखा परीक्षकको प्रतिवेदनले यस आरोपलाई थप बल पुर्याएको छ । अनियमितताको विषयमा थप विवरण र अनुसन्धानको अवस्था हालसम्म यो अनियमितताको विषयमा थप आधिकारिक अनुसन्धानको प्रगतिबारे विस्तृत विवरण सार्वजनिक भएको छैन । महालेखा परीक्षकको प्रतिवेदनले औंल्याएका त्रुटिहरू र स्थानीय स्तरबाट उठाइएका प्रश्नहरूलाई मध्यनजर गर्दै, पारदर्शिता र जवाफदेहीका लागि सम्बन्धित निकायहरूबाट थप छानबिनको अपेक्षा गरिएको छ ।

सामान्यतया, महालेखा परीक्षकको प्रतिवेदनले अनियमितता औंल्याएपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोग वा अन्य भ्रष्टाचार निवारण निकायहरूले यस विषयमा चासो व्यक्त गरी थप अनुसन्धान अगाडि बढाउने गर्छन् । यद्यपि, फेटा गाउँपालिकाको यस विशिष्ट घटनामा कुनै औपचारिक उजुरी वा अनुसन्धान सुरु गरेको छैन ।

## शुभ आरम्भ......

त्यस्तै मधेश प्रदेश सदस्य साजिर मन्सुरले स्थानिय तहले आ आफ्नो मेडिया ऐन बनाई कार्यान्वयन गर्न जोड दिदै शुभ आरम्भ राष्ट्रिय दैनिकको प्रगतिको कामना गरेका छन्

त्यस्तै नेपाल पत्रकार महासंघ, बाराका अध्यक्ष रमेश सुवेदीले पत्रकारितालाई दिगो बनाउनका लागि समानुपातिक विज्ञापन वितरणको आवश्यकता रहेको औंल्याएका छन् ।

उहाँले बाराका सबै पालिका र नगरपालिकालाई सबै दैनिक पत्रिका, एफएम र अनलाइन सञ्चार माध्यमहरूलाई समानुपातिक रूपमा विज्ञापन उपलब्ध गराउन अनुरोध गरेका छन् ।

शुभ आरम्भ राष्ट्रिय दैनिकको प्रकाशक अनिल पाण्डेय अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा पत्रकार महासंघ मधेश प्रदेश कोषाध्यक्ष अनिल गौरव, नागरिक समाजका अध्यक्ष उमेशलाल दास लगायतले पत्रिकालाई शुभकामना दिएका छन् । भने कार्यक्रमको सँचालन उपेन्द्र पासवानले गरेका थिए । उक्त कार्यक्रममा विभिन्न सञ्चारकर्मी, नागरिक समाजका अगुवा, राजनीतिकर्मी र स्थानीय प्रतिनिधिहरूको बाक्लो उपस्थिति रहेको थियो ।

## जेम्स...........

कलैयाको ४ बिधालयमा २९ जनाको दरले सन्चालन गरिएको परियोजनाको लक्ष्य मुख्य लक्ष्य किशोरीहरूको शिक्षा र स्वास्थ्य तथा महिला र बालिकाको सशक्तिकरणमार्फत नेपालमा समावेशी समाज र समान विकासको प्रवर्द्धन गर्नु रहेको यादवले बताए ।

सहभागीहरूले किशोरीहरूलाई शिक्षामा पहुँच विस्तार, सीप विकास, आत्मविश्वास अभिवृद्धि, तथा लैंगिक समानताको प्रवर्द्धनमा परियोजनाले दिएको योगदानलाई उच्च मूल्याङ्कन गरेका थिए ।

पालिका प्रमुख बिनोद साहले किशोरी सशक्तिकरणका कार्यक्रमहरूलाई आगामी वर्षमा पनि प्राथमिकतामा राखिने उल्लेख गर्दै, स्थानीय तहबाट आवश्यक सहयोग जारी रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।परियोजना सञ्चालनमा सहयोग पुऱ्याउने संस्था र व्यक्तिहरूलाई समेत धन्यवाद ज्ञापन गर्दै कार्यशालाको औपचारिक समापन गरिएको थियो ।

ब्रीटिस काउन्सिल,भिएसओ नेपालको सहयोग तथा आसमान नेपालको सहजीकरणमा कार्यक्रम सम्पन्न भएको हो ।कार्यक्रमको सहजीकरण परियोजना प्रमुख यादवले गरेका थिए ।

# करेन्ट लागेर एक किशोरको मृत्यु



***शु. आ. सम्बाददाता***
***रौतहट , २८ साउन***

जिल्लाको पश्चिमी भेगमा पर्ने परोहा नगरपालिकाको बसन्तपट्टी गाउँमा करेन्ट लागेर १६ बर्षिय किशोरको मृत्यु भएको छ ।

परोहा नगरपालिका ६ बसन्तपट्टी गाउँ निवासी उमेशकुमार पंडितको १६ बर्षिय छोरा राहुलकुमार पंडित खेतमा सिंचाई गर्न विद्युतिय मोटर जोड्ने क्रममा विहिवार दिउँसो २ बजेको समयमा करेन्ट लागेर गम्भीर घाइते भएका थिए । गम्भीर घाईते पंडितलाई तत्कालै स्थानीय घोडहीमाई अस्पतालमा उपचारको क्रममा २.२५ बजेको समयमा चिकित्सकले मृत घोषित गरेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी उपरीक्षक नेत्रमणी गिरीले जानकारी दिए ।मृतक किशोरको शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल गौरमा ल्याइएको तथा उक्त घटना सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको उपरीक्षक गिरीले बताए ।

**विपदबाट बचौं र बचाऔं, विपद् आकस्मिक रूपमा आउने हुँदा :**

- विपद्बाट बच्न आवश्यक पूर्वतयारी गरौं, समुदाय तथा छरछिमेकमा आवश्यक समन्वय गरौं,
- प्रहरी, दमकल, एम्बुलेन्स लगायत अत्यावश्यक निकायको सम्पर्क नम्बर राखौं, विपद् आईहालेमा नआत्तिऔं,
- बालबालिका, वृद्धवृद्धालगायत बढी जोखिममा रहेका वर्गको उचित ख्यार राखौं,
- विपत्तिमा परेकालाई उद्धार पुनर्स्थापनामा सहयोग गरौं,
- विपद् सम्बन्धी सचेतना फैलाऔं,
- विपद्बाट हुने जनधनको क्षति न्यूनिकरण गरौं ।

**पोखरिया नगरपालिका**
**पोखरिया, पर्सा**

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका, बारा

# कृष्ण जन्माष्टमीमा नेशनल मोडेल एकेडेमीमा भव्य सांस्कृतिक कार्यक्रम

***पवन प्रसाद साह***
***वीरगंज , २८ साउन***

बाराको नौतन स्थित नेशनल मोडेल एकेडेमीले बिहीबार कृष्ण जन्माष्टमीको अवसरमा भव्य सांस्कृतिक कार्यक्रमको आयोजना गरेको छ ।

विद्यालयको प्रांगणमा सम्पन्न यस कार्यक्रममा विद्यार्थीहरूले भगवान श्रीकृष्णको जीवन चरित्र र लीला समेटिएका नृत्य, भजन, झाँकी तथा नाटक प्रस्तुत गरेका थिए ।

कार्यक्रमको मुख्य उद्देश्य स्थानीय संस्कृति, परम्परा र धार्मिक मूल्यहरूको संरक्षण र प्रवर्द्धन गर्नु रहेको विद्यालय प्रमुख अजित कुमार साह ले जनाएका छन । यस अवसरमा विद्यार्थीहरूले क्षेत्रीय संस्कृतिहरू




झल्काउने पोशाक र प्रस्तुति मार्फत दर्शकको मन जिते ।

विद्यालयका शिक्षक, अभिभावक, स्थानीयवासी र विशिष्ट अतिथिहरूको उपस्थितिमा कार्यक्रम उत्साहपूर्ण रूपमा सम्पन्न भएको थियो । सहभागी सबैलाई विद्यालयतर्फबाट धन्यवाद ज्ञापन गर्दै यस्ता सांस्कृतिक कार्यक्रमले नयाँ पुस्तामा आफ्नो संस्कृति र धार्मिक परम्प्रति गर्व र चेतना जगाउने विश्वास व्यक्त गरिएको छ ।

# फतुवा-विजयपुरमा विद्यालय कर्मचारीको तलब वृद्धि माग

***रौतहट, २८ साउन***

नेपाल विद्यालय कर्मचारी युनियन नगर कार्य समिति, फतुवा-विजयपुरले विद्यालयका लेखापाल र कार्यालय सहयोगीको मासिक तलब वृद्धि गर्न माग गर्दै ज्ञापनपत्र बुझाएको छ ।

बिद्यालय कर्मचारी सुरेशकुमार लामिछानेको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत भरतप्रसाद यादव, कार्यवाहक मेयर अम्बेया खातुन, सामाजिक विकास विभागका संयोजक सतीश कुमार यादव र शिक्षा संयोजक सुधीर कुशवाहासमक्ष बुधवार ज्ञापनपत्र बुझाएको हो ।

युनियनको २०८२ साउन २७ गतेको बैठकको निर्णयअनुसार, हाल नेपाल सरकारले तोकेको मासिक पारिश्रमिक (लेखापालका लागि १५ हजार), कार्यालय सहयोगीका लागि (१० हजार) जीवनयापनका लागि अपर्याप्त भएको भन्दै तलब वृद्धिको माग गरिएको हो । ज्ञापनपत्रमा लेखापाललाई प्राविधिक शिक्षा तृतीय श्रेणी सरह र कार्यालय सहयोगीलाई निजामती कार्यालय सहयोगी (श्रेणीविहीन) सरहको पारिश्रमिक आगामी नगर परिषद्बाट बजेट विनियोजन गरेर उपलब्ध गराउन आग्रह गरिएको छ ।



श्री माध्यमिक विद्यालय सितलपुरका लेखापाल महेश यादवका अनुसार अन्य-अन्य नगरपालिकाले तलब वृद्धि गरेर वितरण गरिरहेको अवस्थामा फतुवा-विजयपुर नगरपालिकाले पनि समान सुविधा दिनुपर्ने माग गरिएको हो ।

ज्ञापनपत्र बुझाउने कार्यक्रममा विभिन्न विद्यालयका लेखापाल, कार्यालय सहयोगी, प्रधानाध्यापक लगायतको उपस्थिति रहेको मावि टेंग्राहाका लेखापाल प्रविन यादव (प्रमोद) ले जानकारी दिएका छन् ।

स्थानीय तहको शिक्षासम्बन्धी कर्मचारी व्यवस्थापन र तलब संरचनामा रहेको असमानतालाई उजागर गरेको छ । नेपाल सरकारले निर्धारण गरेको न्यूनतम पारिश्रमिक महँगी र जीवनयापन खर्चको तुलनामा निकै कम भएको गुनासो लामो समयदेखि आइरहेको छ ।

बिद्यालय कर्मचारी लामिछानेले गर्दै अन्य नगरपालिकाले आफ्नै स्रोतबाट थप सुविधा दिँदै आएका उदाहरणका कारण फतुवा-विजयपुरका विद्यालय कर्मचारीमा असन्तोष बढेको गुनासो गरेका छन् ।

यदि माग पूरा भएन भने यसले विद्यालय प्रशासनमा असन्तुष्टि बढाउने मात्र नभई, शिक्षण-अधिक्षणको गुणस्तरमा पनि अप्रत्यक्ष असर पर्न सक्ने सम्भावना रहेको जनाइएको छ । यसैले, स्थानीय सरकारले स्रोत-साधनको मूल्याङ्कन गरेर शिक्षक बाहेकका विद्यालय कर्मचारीलाई पनि न्यायोचित सुविधा दिने दिशातर्फ ध्यान दिन आवश्यक रहेको स्थानियले जनाएका छन् । सँम्भार: न्युज कारखाना

# बागमतीका निलम्बित मेयर भरत थापालाई आठ वर्ष कैद, १० करोड भन्दा बढी जरिवाना

***काठमाडौं, २८ साउन***

सर्लाही जिल्लाको बागमती नगरपालिकाका निलम्बित मेयर भरतकुमार थापालाई विशेष अदालतले भ्रष्टाचारको आरोपमा आठ वर्ष कैद सजाय सुनाएको छ । उनीसहित प्रमुख प्रशासकीय अधिकृत विमलकुमार पोखरेल र योजना शाखा प्रमुख इञ्जिनियर सागर पौडेललाई जनही ८ वर्ष कैद र करोडौं जरिवाना तिर्न आदेश दिइएको छ ।

विशेष अदालतका न्यायाधीश टेकनारायण कुँवर, मुरारीबाबु श्रेष्ठ र विदुर कोइरालाको इजलासले थापालाई १० करोड ९ लाख ७८ हजार २९९ रुपैयाँ १३ पैसा जरिवाना तिर्न र ३० करोड २९ लाख ३४ हजार ८९७ रुपैयाँ ४० पैसाको भ्रष्टाचारको बिगो तिर्न आदेश दिएको छ । साथै उनीहरूले पीडित राहत कोषमा जनही ४० लाख ३९ हजार १३१ रुपैयाँ ९७ पैसा क्षतिपूर्ति भर्नुपर्ने निर्णय पनि सुनाएको छ ।

थापालाई संघीय सरकारले स्वीकृतिबिना बागमती नगरपालिकामा अवैध रूपमा




माछा पोखरी निर्माण गर्दा ढुंगा, बालुवा, गिट्टी उत्खनन गरी ३० करोडभन्दा बढी रकमको हिनामिना गरेको आरोप छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २०७८ साल जेठ २९ गते यस सम्बन्धमा थापा र पाँच अन्यलाई भ्रष्टाचार आरोपमा मुद्दा दायर गरेको थियो । यसअघि अदालतले थापाको गैरकानुनी सम्पत्ति आर्जन ठहर गर्दै एक वर्ष कैद र तीन करोड ४५ लाख बढी जरिवाना तोकेको थियो । अहिलेको फैसला अनुसार उनीसहित तीन जनालाई थप कडा सजाय सुनाइएको हो ।

उक्त मुद्दामा उपमेयर लीलाकुमारी मोक्तान, तत्कालीन लेखा अधिकृत विश्वराज पोखरेल र जिल्ला समन्वय समितिका तत्कालीन प्रमुख मेथुर चौधरीलाई प्रमाण नपुगेको भन्दै सफाइ दिइएको छ ।

यस फैसलाले भ्रष्टाचार विरुद्ध कडा कानुनी कारबाहीको सन्देश दिएको र स्थानीय प्रशासनमा थप पारदर्शिता आउने अपेक्षा गरिएको छ ।

समाजिक सञ्जालको दुरूपयोग नगरौं ।

# वीरगंजको दीपसन एण्ड सानवी ज्वेलर्समा प्रहरीको छापा

***बिरगंज, २८ साउन***

वीरगंज महानगरपालिका वडा नम्बर ६, माईस्थानस्थित गहवामाई मन्दिर नजिकै रहेको दीपसन एण्ड सानवी ज्वेलर्समा बिहीबार प्रहरीले छापा मारेको छ । जिल्ला प्रहरी कार्यालय पर्साबाट आएको टोलीले बिलबिजक बिना सुनचाँदी कारोबार भइरहेको सूचनाका आधारमा छापा मारेको हो ।

प्रहरी नायब उपरीक्षक किशोर लम्सालको नेतृत्वमा गएको टोली बिहीबार दिउँसो करिब २:३० बजे पसलमा पुगेपछि वीरगन्जका सुनचाँदी व्यवसायी तथा कालीगढहरूले विरोध जनाएका थिए । उनीहरूले प्रहरीको कार्यविधि विरुद्ध नाराबाजीसमेत गरेका थिए । प्रहरी टोलीले करिब तीन घण्टा पसल सञ्चालक दीपक सर्राफसँग सुनचाँदी खरिद-बिक्रीमा प्रयोग भएका बिलबिजकहरू मागेर अनुसन्धान गरेको थियो । अनुसन्धानका क्रममा बिलबिजकहरूमा केहि अनियमितता भेटिएपछि प्रहरीले आन्तरिक राजश्व कार्यालय वीरगञ्जका कर्मचारीहरूलाई बोलाएर बिलबिजकहरू जिम्मा




लगाएको प्रहरीले जनाएको छ ।

प्रहरी नायब उपरीक्षक लम्सालले भने, "खरिद गरिएको सुनको मात्रा बिक्री भन्दा बढी देखिएको छ, तर पसलमा सोही अनुसारको सुन मौज्दात छैन । त्यसैले थप अनुसन्धानका लागि आन्तरिक राजश्व कार्यालयलाई जिम्मा लगाइएको हो ।"

तर, पर्सा सुनचाँदी व्यवसायी संघका अध्यक्ष भुलन सर्राफले प्रहरीको यस्तो छापा गैरकानुनी भएको भन्दै आपत्ति जनाएका छन् । उनले भने, "बिलभौचरको छानबिन र अनुसन्धानको जिम्मेवारी राजश्व कार्यालयको हो । प्रहरीले आफ्नो अधिकार क्षेत्र बाहिर गएर पसलमा छापा मारेको छ । सूचना पाएमा सम्बन्धित निकायहरूसँग समन्वय गरेर मात्र छापा मार्नु पर्थ्यो । यो कार्यप्रणालीमा प्रहरीले अत्याचार गरेको छ ।" प्रहरी र व्यवसायीहरूबीच देखिएको विवादपछि आन्तरिक राजश्व कार्यालयले थप अनुसन्धान गरिरहेको छ । प्रहरीले सोही अनुसन्धानमा सहकार्य गरिरहेको बताइएको छ । सँम्भार: रेस खबर

# बाराको पाँच पालिकाको सहयात्री बन्दै खानेपानी मन्त्री यादव

***बारा , २८ साउन***

बाराको ५ पालिकाको बिभिन्न वार्ड र टोल, टोलमा खानेपानीको चरम सङ्कट झेलिरहेका स्थानीयवासीको लागी संघीय खानेपानी मन्त्री प्रदीप यादवको निर्देशनमा डीप बोरिङ जडान कार्य सुरु गरिएको छ ।

भूव-सतहको पानी सुक्दा चापाकलहरूले काम गर्न छोडेपछि पानीको सङ्कटमा परेका बाराको ५ पालिका जस्तै पचरौता नगरपालिका, फेटा गाउँपालिका,बिश्रामपुर गाउँपालिका, प्रसौनी गाउँपालिका र परवानीपुर गाउँपालिका गरी ५ पालिकाका स्थानीयवासीको समस्यालाई मध्यनजर गर्दै खानेपानी मन्त्री प्रदिप यादवले निर्देशन दिएपछि डीप बोरिङ जडान कार्य सुरु गरिएको हो ।

हाल सम्म बाराको ५ पालिकाको बिभिन्न वार्डहरुमा नयाँ जडान भएको डीप बोरिङको उद्घाटन हिन्दु धर्म संस्कृति अनुसार पूजापाठ गरी सम्पन्न भएको मन्त्री यादवका स्वकीय सचिव हरिन्द्र साहले जानकारी दिए । साहका अनुसार, डीप बोरिङबाट पानी वितरणका लागि पाइपलाइन विस्तारको कार्य पनि आजैबाट सुरु भएको छ । बोरिङबाट कम्तीमा पचासभन्दा बढी परिवारलाई स्वच्छ खानेपानी उपलब्ध हुने अपेक्षा गरिएको साहले बताए । डीप बोरिङ जडानसँगै नजिकै दुई हजार लिटर क्षमताको खानेपानी ट्याङ्की पनि स्थापना गरिने योजना रहेको सचिव साहले बताए । ट्याङ्कीले पानी भण्डारण र वितरणलाई थप सहज बनाउने विश्वास गरिएको छ ।

डीप बोरिङ जडान र पाइपलाइन विस्तारको कार्यले बाराको ५ पालिकाका बासिन्दामा उत्साह छाएको



छ । स्थानीयवासीले पानीको नियमित आपूर्ति हुने भएपछि आफूहरूको दैनिक जीवन सहज हुने अपेक्षा गरेका छन् । साथै, उनीहरूले यस्ता जनमुखी कार्यलाई निरन्तरता दिन मन्त्री यादवसँग आग्रह गरेका छन् ।

स्थानीयवासीहरूले डीप बोरिङ जडानले आफूहरूको दैनिक जीवनमा ठूलो राहत पुग्ने भन्दै खुसी पनि व्यक्त गरेका छन् । स्थानीयबसीले यस्तो संकटमा मन्त्री यादवले कुनै पनि भेदभाव नगरी सहज रूपमा खानेपानी डिप बोरिङ जडान कार्यलाई तीव्रता दिएको भन्दै मन्त्री यादवलाई धन्यवाद र यस्ता विकास प्रेमी नेता सबै क्षेत्रमा जन्मियो भनेका थिए । र "पानीको सङ्कटले हाम्रो दैनिकी निकै कठिन भएको थियो । खानेपानी मन्त्री प्रदीप यादवज्यूको निर्देशनमा यति छिटो बोरिङ जडान भएर हाम्रो समस्या समाधान भएको छ । हामी उहाँप्रति हृदयदेखि आभारी छौँ स्थानीयले भनिन् ।"

त्यस्तै बाराको ५ पालिकाका स्थानीयले मन्त्री यादवको तदारुकता र छिटो-छरितो कार्यशैलीको प्रशंसा गर्दै कार्यले समुदायमा ठूलो परिवर्तन ल्याएको बताए ।

मन्त्री यादवका स्वकीय सचिव साहका अनुसार, मन्त्री यादवको कार्यकालमा बाराको ५ पालिकामा पानीको सङ्कट झेलिरहेका ती ५ पालिकाको विभिन्न वार्डहरूमा हालसम्म पचास भन्दा बढी डीप बोरिङ जडान कार्य सुरु भइसकेका छन् । र यस्तो संकटमा यदि अरु कुनै पालिकामा पानीको समस्या पर्यो भने खानेपानी मन्त्रालय सदेव तत्पर रहने र हाल सम्म डिप बोरिङ जडान भएकोबाट बोरिङहरूले हजारौँ परिवारलाई स्वच्छ खानेपानीको पहुँच सुनिश्चित गरेको स्वकीय सचिव साहले बताए ।

"मन्त्रीज्यूको प्राथमिकता नै जनताको आधारभूत आवश्यकता पूरा गर्नु हो । खानेपानीको समस्या समाधानका लागि उहाँले निरन्तर प्रयास गरिरहनुभएको छ," साहले बताए ।

**जनहितमा जारी सन्देश**

- लागूऔषध रहित परिवार: स्वस्थ जीवनको आधार
- लागूऔषधले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ।
- लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्रीवितरण तथा सेवन कानूनत: दण्डनीय छ ।
- गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरूलाई पनि लाग्न नदिऔं ।

स्वस्थ र सुखी परिवारको लागि लागूऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं ।

बारागढी गाउँपालिका
खोपवा, बारा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - सुवर्ण गाउँपालिका, बारा